# दक्षिण कालिका

## (फर्पिङ)

–कुलचन्द्र कोइराला

### भौगोलिक स्थिति

नेपाल उपत्यकाको दक्षिण पश्चिमको बीच नैऋत्यकोणतिर उपत्यकाको निम्नोच्च भूभागभन्दा अग्लो र केही पर्वत श्रेणीका काखमा उत्तर पूर्व पसारिएको अधित्यकाको दक्षिण पार्श्वमा लिच्छविकालीन बस्ती भएको मध्यकालतिर फनपीं नामक, सामन्त शासित शहर,[1] भए तापनि वर्तमान कालमा भने ठाउँ ठाउँमा भग्नावशेषद्वारा प्राचीन गाथालाई द्योतन गर्ने फर्पिङ नामक गाउँ छ। त्यस क्षेत्रको केही अग्लो भागमा उक्त गाउँ छ भने त्यसभन्दा दक्षिणको जंगलले युक्त खोंचमा पश्चिमबाट र दक्षिणबाट बग्दै आएका दुइटा पहाडी खोलाको दोभानमा भगवती दक्षिण कालिकाको प्राचीन र प्रसिद्ध पीठ छ।

लिच्छविकालभन्दा पहिले यो ठाउँको अवस्था के थियो र यहाँका बासिन्दा को को थिए भन्ने कुरा जान्ने साधन छैन। परन्तु यस क्षेत्रमा लिच्छविकालिक अभिलेखहरू प्राप्त भएकोले त्यहाँ पाँचौं छैटौं शतीतिर घनाबस्ती भएको र मन्दिर, बौद्ध विहारको अवस्थिति रहेको कुरा अभिलेखद्वारा प्रमाणित हुन्छ।[2]

ठाउँ ठाउँमा पानीका स्रोतहरू डाँडा थुम्कामा घना जंगल पर्वतका काखमा दंस्याइला टारले गर्दा उपत्यका जलमग्न भएको बेलातिर पनि यहाँ बसोबास गर्ने केही जातिहरू हुनु पर्छ। पशुचारणको लागि दम्सिलो ठाउँ, पानी र खेतीको निम्ति पनि निम्नोन्नत भूभाग भएको उपत्यका ओसिलो र दलदल तथा पानीले छोपिएको बेलातिर पनि यहाँ बस्न लायक ठाउँ भएकोले आदिमकालिक बसोबासको अनुमान गर्न सकिन्छ।

पुराना वंशावलीका कथन अनुसार, उपत्यका क्षेत्रमा पहिले आउने जाति गोपालक जाति थियो। त्यस पछि यहाँ किराँत जाति आएको वर्णन छ। किराँत राजालाई विजय गरी लिच्छविले नेपालको शासन गरे।[3]

### फर्पिङ क्षेत्रका देवताहरू र दक्षिणकाली

फर्पिङ क्षेत्रमा निकै प्राचीन देवता गोपालेश्वर हुन् जसको लिंगको आकार प्रकार हेर्दा प्राचीनको बोध हुन्छ भने, गोपालेश्वर नामबाट प्राचीन गोपालक जातिले इष्टदेवताको रूपमा मान्दै आएका शिव–रूद्र हुन् कि भन्ने शंका हुन्छ। यसो भन्न पुष्ट प्रमाणको अभाव छ तापनि लिंगको प्राकृतिक बनौटले त्यो कुरा भन्न बाध्यता

गर्छ। साथै लिच्छवि राजाले शुरूमा नै स्थापना गरेका शिखरनारायणसंग सम्बन्ध जोड्ने हरिशंकर जात्राको प्रमुखता रहेकोले पनि वैष्णव धर्मप्रति झुकेका लिच्छवि र त्यहाँका शैव आदिवासीको समन्वय गर्ने प्रयासमा हरिशंकर जात्राको थालनी गरियो र पछि पछि स्थापना भएका अन्य देवीदेवताको पनि त्यस जात्रामा समन्वय हुँदै गयो।[4]

ऐतिहासिक प्रमाणले ईशाको शुरूतिर नै स्थापित भएका शिखरनारायणको भन्दा गोपालेश्वरको प्रमुख स्थान रहेको पाइनुले पनि गोपालेश्वरको अझ प्राचीनताको आभास पाइन्छ। फर्पिङसम्बन्धी अनुश्रुतिहरूबाट पनि गोपालेश्वर र त्यसपछि शिखरनारायणको अस्तित्व सुत्र पाइन्छ। नेपालका देवदेवीको वर्णन गर्ने हिमवत्खण्ड (स्कन्दपुराण) को १०६ अध्यायमा गोपालेश्वरको विशेष माहात्म्य वर्णन गरिएको छ भने शिखरनारायणको चाहिं संक्षिप्त वर्णन मात्र छ।[5]

## दक्षिणकाली पीठ

दक्षिणकाली पीठ सम्बन्धमा स्थानीय समाजमा एउटा महत्त्वपूर्ण अनुश्रुति छः– शिखरनारायणको मन्दिरभन्दा माथिल्लो लम्स्याइलो डाँडो पश्चिम उत्तर–बाट दक्षिणतिर पसारिँदै गोरखनाथ पादुका र खड्ग योगिनी मन्दिरनिर गएर टुंगिन्छ। त्यस पछिको समथल परेको ठाउँमा फर्पिङ शहर बसेको छ। उक्त डाँडाको बीचको थुम्कामा पहिले दक्षिणकालीको पीठ र क्रिडाभूमि थियो जहाँ आफ्ना गणहरू सहित दक्षिणकाली विचरण गर्थिन्। एकान्त जंगलमा मध्यरात्रितिर आफ्ना योगिनीगणसहित घुमेका बेलामा बाहिर निस्केका प्राणीहरू देखेमा योगिनी भक्षण गर्दथे। फर्पिङ शहरको घना आवादी उक्त अग्लो डाँडाबाट छर्लङ्ग देखिन्थ्यो र त्यहाँका बासिन्दा बाहिर निस्कँदा रात्रिमा देवीगणका शिकार हुन्थे। यसरी मान्छेको क्षति हुन थालेकोले त्यस बेलाका तांत्रिकाचार्यहरूले मंत्रबलद्वारा देवीगणलाई स्तंभन गरी उपासनाद्वारा रिझाई फर्पिङ शहरभन्दा तल खोंचमा पर्ने दुई नदीको दोभान र श्मशानघाटमा दक्षिणकालीलाई आफ्ना गणसहित आवास भूमि बनाउन बाध्य गरे। उनीलाई बेला बेलामा राँगा, हाँस, बोका, भेंडा बलि गर्ने प्रतिज्ञा पनि गरे। त्यस बेलादेखि निर्जन किनार, जङ्गलभित्र दक्षिणकालीको पीठ स्थापना भएको हो। अनि त्यसपछि उनको क्रिडाक्षेत्र त्यहीं वरिपरिको जंगल नै भयो। त्यहाँबाट फर्पिङको बस्ती दृष्टिगोचर नहुने भएकोले त्यसपछि त्यहाँका मानिस सुरक्षित रहे।

उपर्युक्त अनुश्रुतिबाट के थाहा हुन्छ भने जंगलको बीच डाँडामा रहेको पीठलाई खोलाको दोभानमा सारिएछ भन्ने कुरा थाहा हुन्छ। डाँडामा रहेका अवशेष चिन्हले पनि उक्त कथनको पुष्टि गर्दछ।

देवीदेवताहरूको मन्दिर बनाउँदा वनको निकट, नदी, पर्वत, झर्नाको नजीकका भूमिमा देवता रमाउँछन् तथा उपवनयुक्त शहरमा पनि देवता बास गर्दछन् भन्ने कुरा प्राचीन वास्तुशास्त्रमा लेखिएको पाइन्छ।[6]

हिन्दू जातिका देवदेवताको स्थापना यस्तै ठाउँमा नै भएको छ। त्यस माथि पनि बलिभोजी देवीहरूको पीठ घना जङ्गल, ठूला नदीका किनारको एकान्त ठाउँ र रातमा आवागमन नहुने श्मशानभूमि नजीक नै उग्रमूर्ति तथा देवीपीठहरूको स्थापना भएको पाइन्छ। शोभा भगवती विष्णुमतीको श्मशानभूमि तथा मान्छे काट्ने भाचाखुशीको दोभानमा निवास गर्दछिन् भने मतली रक्तकाली कंकालीको पीठ पनि पहिले यस्तै एकान्त ठाउँमा थियो। मयूरकुण्डको छेउ श्मशान भूमिमा मैतीदेवी छन्। पहिले यो क्षेत्र पनि निर्जन थियो। भद्रकाली पीठ त्यस बेला टुकुचाको श्मशानभूमि नजीक एकान्त ठाउँमा नै भएको बोध हुन्छ भने, गुह्येश्वरी पीठ बागमती किनार जङ्गलको बीचमा नै पर्दथ्यो।

तांत्रिक साधना गर्ने योगी सिद्ध तथा साधकहरूलाई सिद्धि प्राप्त गर्न तथा साधनारत् रहन पनि यस्तै एकान्त ठाउँको आवश्यक पर्छ। तांत्रिक साधनाको निम्ति भीडभाड आवादीका बीचका मन्दिरहरू उपयुक्त मानिदैनन्। रात्रिमा एकान्त ठाउँ जङ्गल श्मशानभूमिमा योगिनी

गणसहित क्रिडा गर्ने हुँदा दक्षिणकालीको वर्तमान पीठ भएको ठाउँ अत्यन्त उपयोगी छ। त्यस क्षेत्रमा घाईघुई, हल्लाखल्ला हुने जनआवादी भएमा यस्ता पीठको महत्ता नै कम हुन्छ।

अनुश्रुति अनुसार डाँडाबाट नदीको दोभानमा दक्षिणकालीको पीठ स्थापना गर्दा विना मूर्तिको शुद्ध पाषाणमा प्राणप्रतिष्ठा गरी जगाई स्थापना गरेको रहेछ भन्ने कुरा वंशावलीहरूका कथनबाट थाहा हुन्छ। मूर्ति निर्माण गर्दा शास्त्रोक्त ध्यान अनुसार रूप, भुजा, आयुध, आसन, बाहन, मुद्राहरूको ठीक ठीक अंकन गर्नु पर्ने र मूर्ति निर्माण गर्दाको ज्योतिषशास्त्र, वास्तुशास्त्र एवं तान्त्रिक विधिविधानका नियमहरू पुऱ्याएर मात्र बनाउनु पर्ने, फेरि तदनुसार नै पूजाविधि सम्पन्न गर्ने व्यवस्था हुनु पर्ने भएकोले मूर्तिको सट्टा साधा पाषाण प्रतिमा स्थापना गरी पीठ कायम गर्ने व्यवस्था गरिएको पाइन्छ। यस्ता शक्तिपीठहरू उपासकले अनेक रूपको भावना गरेर पूजा गर्न सक्दछन्।

टुँडीखेलको भद्रकाली पीठ र पंचकुमारीको नामले भावना गरिने मैतीदेवी पीठ यसका उदाहरण हुन्। पंचकुमारीको रूपाङ्कन गर्ने लक्षण वास्तुशास्त्रमा पाईंदैन। यस्तै वर्तमान भद्रकाली पीठलाई प्राचीनकाल–मा वैष्णवीपीठको रूपमा उपासना गरिन्थ्यो भन्ने अनुश्रुति पाइन्छ। पछि भद्रकालीको रूपमा उपासना गर्ने चलन चलेपछि भद्रकालीको मूर्ति बनाई उक्त पीठका पछाडि पूर्वपट्टि पीठकै गारोमा जडान गरिएको देखिन्छ।

दक्षिणकाली पीठ सम्बन्धमा देवमाला वंशावलीमा पनि अघि पीठ मात्रै थियो र राजा प्रताप मल्ललाई "मेरी मूर्ति प्रकाश गर" भन्ने स्वप्न भएको हुँदा मूर्ति बनाए र परन्तु त्यो मूर्ति अप्रकाशित "उग्रमूर्ति हो, दरबार भित्रै स्थापना गर" भन्ने पुनः स्वप्नमा आज्ञा भएकोले गुरु लम्वकर्ण भट्टसंग सम्मत गरी अर्को मूर्ति बनाउन लगाई स्थापना गरी दिएका हुन् भन्ने कुरा उल्लेख भएको पाइन्छ।[7]

उपर्युक्त वंशावलीकै कथनसंग मिल्दो कुरा भाषा वंशावली भागमा २, पृ. ८२ मा पनि उल्लेख भएको छ। दक्षिणपट्टि पूर्णवती गंगा र उत्तरपट्टि उद्धारवती गंगा संगम दक्षिणकालीका स्थान निकट श्मशानबासी प्रकाश स्वरूप महाकाली सुन्दर कालीक्रम सहस्र बलि, नरबलि महापूजा कोट्याहुति यज्ञ गरेर प्रतिष्ठा कर्मको विधि पुऱ्याई वैशाख शुक्ल तृतीया (अक्षय तृतीया) को दिन स्थापना गरेको कुरा उक्त वंशावलीमा उल्लेख भएको छ। यही कुरालाई नेपाल देशको इतिहास नामक वंशावलीले पनि उल्लेख गरेको छ।[8] यी दुवै वंशावलीमा काली र सुन्दरकाली तथा मातृकागणसहित स्थापना गरेको, महापूजा सहस्र बलि र कोट्याहुति गरेको कुरा उल्लेख भएकोले सबै मूर्तिहरूको प्राणप्रतिष्ठा र बलि कर्म दक्षिणकाली क्षेत्रमा नै सम्पन्न गरी मातृकागणसहित दक्षिणकाली वाहाँ स्थापना गरी सुन्दरकालीको विग्रह चाहिं ल्याएर दरबारको सुन्दरचोकमा स्थापना गरेछन् भन्ने कुरा ज्ञान हुन्छ। किन्तु वंशावलीमा स्पष्ट उल्लेख भने भएको छैन र हनुमानढोकामा अष्टमातृकागण मात्र छन्। राजा प्रतापमल्ल विद्वान्, कवि, गायक र तान्त्रिक विद्या र साधनामा पारंगत थिए भन्ने कुरा उनका जीवन चरित्रसंग सम्बन्ध राख्ने वंशावली स्तोत्र गीत आदिका अभिलेखहरू पढ्दा थाहा पाइन्छ। साथै उनका गुरु साधक लम्वकर्ण भट्ट, नृसिंह ठाकुर (मैथिल) जस्ता तान्त्रिक विद्वान्हरू थिए। त्यस्तै बौद्ध तान्त्रिक–हरूको पनि यहाँ कमी थिएन। अतः प्रतापमल्ल सबै तन्त्राचार्यहरूको उत्तिकै समादर गरी काम लिन्थे भन्ने कुरा उनको अभिलेख पढ्दा थाहा पाइन्छ। गुह्येश्वरी भगवतीको प्राचीन कुण्ड भएको पीठ कालक्रमले जङ्गल–भित्र लुप्तप्रायः थियो। गुह्येश्वरी पीठ बौद्धमार्गीको निम्ति पनि उत्तिकै पूज्य हुँदा र बौद्ध वंशावलीहरूमा स्वयंभू–संग गुह्येश्वरीको सम्बन्ध रहेको हुँदा स्वयंभूको उत्तर तर्फ गुह्येश्वरीको पीठ कल्पना गरी स्थापना भएकोले गुह्येश्वरीको पूजा मान्यता त्यहीं हुन लाग्यो। गुह्येश्वरीको एक ठाउँ अवस्थित भएपछि अन्यत्र पीठ भएको कल्पना समाजले गरेन।

राजा प्रतापमल्ल शास्त्रमा प्रवीण थिए। साथै

उनका सहयोगी लम्बकर्ण भट्ट तथा नृसिंह ठाकुर पनि प्रकाण्ड विद्वान् र तांत्रिक साधक भएकोले शास्त्रीय आधारमा श्लेषमान्तक वनभित्र पशुपतिको उत्तर तर्फ नै गुह्येश्वरीको प्राचीन पीठ हुनु पर्ने सोचियो। साधकहरूले प्राचीन केही चिह्नहरू भएको ठाउँमा अन्वेषण र साधना गरे, जसबाट प्राचीन गुह्येश्वरी पीठ त्यहाँ भएको निश्चित भएपछि त्यस कुण्डको जीर्णोद्धार गरी, साधनाद्वारा पीठ जगाएर नवनिर्माण जस्तै गरेर गुह्येश्वरी पीठको प्रकाश गरियो। वंशावली-हरूले प्रतापमल्लद्वारा पुनःनिर्माण गरिएको कुरा उल्लेख गर्दछन् भने, त्यसलाई प्रमाणित गर्ने राजा प्रताप मल्लको अभिलेखलाई गुह्येश्वरीको कलश रहेको पश्चिम-पट्टि भैरव भनिने उच्च सुवर्ण मण्डित स्थाण्डिलभित्र पारेर छोपिएको छ। ०४३–४४ सालमा जीर्णोद्धार गर्दा उक्त ठाउँको उपरीभाग झिकेको बेलामा उक्त अभिलेख पढ्न पाइएको हो।[9] गुह्येश्वरीको प्राचीन पीठको यसरी उद्धार भएपछि एघारौं शताब्दीदेखि गुह्येश्वरी पीठ भनिएको नागार्जुनदेखि उत्तर पर्ने पीठको दर्शनार्थीहरूको संख्या कम भयो। तर पुरानो गुह्येश्वरी भनेर त्यस पीठको नामकरण भएको छ र गुह्येश्वरीकै अनुरूप २०३६ सालमा त्यस पीठको जीर्णोद्धार भएको छ।

राजा प्रतापमल्लका अभिलेखहरू मल्लकालिक राजाहरूमध्ये सबैको भन्दा बढी पाइन्छ र नयाँ देव-देवीको मूर्ति स्थापना गर्ने कार्यमा पनि उनी अग्रणी नै देखिन्छन्।

दक्षिणकालीको प्रतापमल्लले मूर्ति बनाई स्थापना गरेका अनेक विवरण वंशावलीबाट थाहा भए तापनि निश्चित तिथिमिति पाउन सकिएको छैन।

## दक्षिणकालीको शास्त्रीय पक्ष

भगवतीका विभिन्न रूप छन्। काली, दुर्गा, लक्ष्मी, सरस्वती, अष्टमातृकागण, ६४ योगिनीगण आदि विभिन्न नामले देवीको उपासना गरिन्छ। जे भए तापनि काली, दुर्गा आदि अधिकांश देवीहरू भगवान् शिवसँग संबद्ध मानिन्छन्।

शिवलाई पंचवक्त्र शिवको रूपमा उत्तर वैदिक-कालदेखि नै उपासना गरिन्थ्यो। पाँच मुख पाँच आम्नायको प्रतीक मानिन्छ। अर्थात् शिवका पाँच मुख पाँच रूपका हुन्। सद्योजात, तत्पुरुष, अघोर, वामदेव, इशान, पाँच मुख वा शिवका पाँच रूप हुन्। मुखका भेदसँगै उपासना गर्ने विधिविधानमा पनि भेद छ। साथै पाँच मुखमा पूर्व, दक्षिण, पश्चिम, उत्तर र उर्ध्व पाँच आम्नाय मानिन्छ र पाँचै आम्नायका देवीहरूको नाम र साधनाक्रम पनि छुट्टै छ।[10]

शिवको दक्षिण मुखलाई अघोर मुख (भैरव रूप) मा उपासना गरिन्छ। यसलाई दक्षिण आम्नाय भनेर तंत्रशास्त्र र पुराणमा पनि उल्लेख भएको पाइन्छ।

दक्षिण आम्नायकी देवी दक्षिणकाली हुन्। संहारकर्ता रूप अघोर वक्त्र हो भने कालीको रूप पनि संहारकालकी देवी हुन्। चाँडै खुशी हुने र खुशी भएमा अभिलाषित फल दिने भएकीले दक्षिण कालिकाको उपासना साधकहरूले गर्दछन्।

भगवती दक्षिणकालीको मूर्ति अथवा ध्यान निम्न प्रकारको हुन्छ।

करालवदनां घोरां मुक्त केशीं चतुर्भुजाम्।
कालिकां दक्षिणां दिव्यां मुण्डमाला विभूषिताम्।
सद्य छिन्न शिरः खड्ग वामोधोर्ध्व कराम्बुजाम्।
अभयं वरदं चैव दक्षिणोध्र्वार्ध पाणिकाम्।
महा मेघ प्रभां श्यामां तथा चैव दिगम्बराम्।।
कण्ठावसक्त मुण्डाली गलद्रूधिर चर्चिताम्।
कर्णावतंसता नीत शवयुग्म विराजिताम्।
घोर दंष्ट्रां करालास्यां पीनतन्त पयोधराम।
सवानां करसंघातै कृतकान्चीं हसन्मुखीम्।
सृक्कद्वय गलद्रक्त धारा विच्छुरिता ननाम्।
घोर रावां महा रौद्रीं श्मशानालय वासिनीम्।
दन्तुरां दक्षिण व्यापी लम्बमान कचच्चोच्चयाम्।
शवरूप महादेव हृदयोपरि संस्थिताम्।
शिवाभि घोंर रूपाभिश्चतुदिक्षु समन्विताम्।

महाकलेन च समं विपरित रता तुराम् ।
सुख प्रसन्न वदनां स्मेरानन् सरोरूहाम् ।
कोटी कालानलाभासां चतुर्वाहुं त्रिलोचनाम् ।
श्मशानाष्टक मध्यस्थं मुण्डाष्टक विभूषिताम् ।
पंचप्रेत स्थितं देवं त्रिशूलं डमरू तथा ।
खड्गंच खपरं चैव वाम दक्षिण योगतः ।
विभ्रतं सुन्दरं देहं श्मशान भस्म भूषितम् ।
नाना शैबंः क्रीडमानं कालिका हृदय स्थिताम् ।
लालयन्तं रतासक्तं घोर चुम्वन तत्परम ।
गृद्ध गोमायु संयुक्त फेरवी गण संयुतम् ।
जटा पटल शोभाढ्यां सर्वशुन्यालये स्थिताम् ।
सर्व शून्यं मुण्ड भूषं प्रसन्न वदनं शिवम् ।
एवं ध्याये द्वन्द्व मूर्ति परब्रह्म स्वरूपिणीम् ।।

अर्थः डरलाग्दो मूख भएकी, डरलाग्दो केश फैलिएकी, दक्षिणा नाम भएकी, दिव्य स्वरूपा, चारहात भएकी, मुण्डमाला धारणा गर्ने, बायाँपट्टिका हातमा तुरून्तै काटेको रगत चुहुने शिर र खड्ग लिएकी, दाहिने माथिल्लो हातमा अभय मुद्रा र तल्लो हात वरद मुद्राको प्रदर्शन गर्ने, काली वादल झैं श्यामवर्ण भएकी, दिगम्वरा, घाँटीमा पहिरेको मुण्डमालाबाट ताजा रगत चुहाउने र दुवै कानमा एक एक शव धारण गर्ने, डरलाग्दा दाँत र मुख बाएकी, ठूला र उन्नत स्तन हुने मुर्दाका हातको कांची (माला बनाएर कम्मर पेटी लगाएकी) बेला बेलामा हँसिलो मुख पार्ने मुखको दुवै छेउबाट रक्तधारा चुहाउने, डरलाग्दो शब्द गर्ने, डरलाग्दी श्मशानरूपी घरमा बसेकी, दाहिनेतिर फुका केशको झाँक्रो लर्काएकी, मुर्दा स्वरूप सुतेका शिवजीको छातीमा उभिएकी, डरलाग्दा स्यालका बथानले घेरिएकी महाकाल रूप रूद्रसंग विपरीत रतिमा आशक्त, यो बेलाचाहिं प्रसन्न मुद्रा भएकी काली छन् । करौडौं कालाग्नि रूद्रको तेज भएका, तीन नेत्र भएका चार हात हुने र श्मशानको बीचमा बस्ने, आठ मुण्डमाला धारण गर्ने, पंचप्रेत (विष्णु, रूद्र, महेश्वर, ब्रह्मा, शिव) रूप पाँच प्रेत (पृथ्वी, अप, तेज आदि पंच महाभूतको आसन भएका) माथि बसेका, त्रिशूल, डमरू, खड्ग र खप्पर धारण गर्ने, श्मशानको खरानी घसेका, सुन्दर शरीर भएका, अनेकौं मुर्दासंग खेलबाड गर्ने कालीलाई छातीमा बोक्ने रतासक्त घोर चुम्बन गर्न उत्सुक, गिद्ध श्याल कागको बथानले घेरिएका, जटा पटलले शोभित, सर्वशून्य घरमा बस्ने मुण्डमालाधारी प्रसन्न वदन भएका शिवले युक्त कालिका दक्षिणकाली हुन् र माथि भनिए जस्तो युगल मूर्तिको ध्यान दक्षिण कालिकाको ध्यान हुन्छ ।

उपर्युक्त दक्षिणकालीको रूप वर्णनबाट प्रलय कालिक शिवकालीको बोध हुन्छ र यस रूपको दार्शनिक अर्थ छुट्टै छ, जसको व्याख्या गर्नु यहाँ आवश्यक छैन ।

दक्षिणकालीलाई इष्टदेवता एवं कुलदेवीको रूपमा उपासना गर्नेहरूका लागि कालिकाको यो रूप जानिराख्नु पर्ने हुनाले यहाँ चर्चा गरियो । दक्षिण कालिकाको यस्तो उग्ररूपका मूर्तिहरू प्रायः गोप्य नै राखिन्छन् । यहाँ जुन दक्षिण कालिकाको मूर्तिसम्बन्धी चर्चा गरिएको छ, त्यो रूपमा मूर्ति निर्माण गरिएको छैन तापनि दक्षिण कालिकाका मूर्ति शिल्पभित्र हुनु पर्ने लक्षणको सांकेतिक चिह्नको अंकन भने त्यस मूर्तिमा पनि भएकै छ ।

दक्षिण कालिकाको शास्त्रीय रूपको अंकन भएका चित्रहरू बजारमा प्रशस्त पाइन्छ । तदनुरूप नै उग्ररूप मूर्ति निर्माण गरी स्थापना गर्नु वान्छनीय भए पनि भयावह रूप सबैको निम्ति दर्शनीय एवं श्रद्धास्पद नहुन पनि सक्छ । अतः दक्षिणकालीको पीठमा स्थापना भएको मूर्ति सौम्य छ ।

शक्तिको उपासनामा विशेष श्रद्धा राख्ने र दक्षिणकालीको रूपको दार्शनिक तत्त्व बुझेका भक्तजनका लागि भने भयावह रूपांकन भएको मूर्ति पनि श्रद्धास्पद र दर्शनीय हुनसक्छ ।

उपासना गरिने देवीदेवताको रूप प्रायः यस्तै भयावह हुने हुँदा पीठ देवताहरूको वास्तविक रूपका मूर्तिहरू आगमघरमा राखेर उपासना गरिन्छ र सबैलाई त्यस ठाउँमा जान दिइँदैन । बाहिर स्थापना गरिएका मूर्तिहरू सौम्य नै हुन्छन् अथवा साधापाषाण खण्ड नै

राखेर भावना गरिन्छ।

शैव सम्प्रदायका तांत्रिक उपासना गरिने देवीहरूको भन्दा बौद्ध तंत्रवादका उपास्य देवीहरूको मूर्तिहरू झन दर्शनीय हुँदैनन्। किन्तु तांत्रिक परम्परामा यस्ता मूर्तिहरू तुरुन्तै फल दिने हुँदा सेवनीय छन् भन्ने विश्वास गरिन्छ।

## पीठदेवताका सहयोगी आवरण देवताहरू

सबै देवताको पीठ पूजा गर्दा मुख्य देवताका वरिपरि आवरण देवताको पूजा मान्यता गर्न आवश्यक हुन्छ। सबै देवताको पूजा उपासना गर्दा विघ्न नपरोस् भनेर पहिले गणेशको पूजा गरिन्छ। गणेश पूजा शैव पूजा र बौद्धहरूको पूजा पद्धतिमा पनि पूजित हुने देवता हुन्। नेपालका शक्तिपीठहरूमा भैरव रूप शिवको पूजा पनि अनिवार्य संझिन्छ। देवीका पीठहरूमा भैरव रूप शिवको पूजा पनि अनिवार्य संझिन्छ। देवीका पीठहरूमा नित्यार्चन गर्दा अरू आवरण देवता, अष्टभैरव, ६४ योगिनीगण, अष्टमातृकाको पनि पूजा गरिन्छ। सम्पूर्ण आवरण देवताका मूर्तिहरू पीठमा राख्न नसके पनि अष्टमातृकागण (ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, इन्द्रायणी, नारसिंही, चामुण्डाका मूर्तिहरू) भने राखिएका हुन्छन्। गुह्येश्वरी पीठमा पनि अष्टमातृकाका मूर्तिहरू छन्। त्यस्तै जयवागीश्वरी, छिन्नमस्ता, दक्षिणकाली आदि पीठमा अष्टमातृकागणका मूर्तिहरू स्थापना गरिएका छन्। अष्टमातृकागणका कहीं नारसिंही र कहीं नारसिंहीको सट्टा महालक्ष्मीको गणना गरी आठ पुऱ्याइन्छ।

दक्षिणकाली पीठमा दक्षिणकाली मूर्ति पूर्व दक्षिण मुख गरी स्थापना गरिएको छ। दक्षिणपट्टि पूर्व दक्षिणबाट क्रमैले ब्राह्मी, माहेश्वरी आदि मातृकागणको मूर्ति स्थापना भएको छ। यस क्रममा दक्षिणकालीको नजीक चामुण्डाको मूर्ति पर्दछ। चामुण्डा दक्षिणकालीकै एउटा रूप हुन्। शुम्भ निशुम्भसंगको युद्धमा भगवती दुर्गालाई मद्दत गर्न ब्रह्मा, विष्णु, शिव, इन्द्र आदिका शक्तिहरू उस्तै रूपधारण गरेर ब्रह्मा विष्णुकै जस्तो बाहन चढेर आएका थिए। चामुण्डाचाहिं स्वयं भगवती दुर्गाकै शरीरबाट उत्पन्न भएकी कालिका थिइन्। चण्ड-मुण्ड नामक दानव मारेदेखि उनको नाउँ चामुण्डा भएको कथा चण्डी (मार्कण्डेयपुराण अन्तर्गत सप्तशती) मा वर्णन गरिएको छ।

यद्यपि अष्टमातृकागण सबैलाई बलि खाने रूपमा संझिन्छ तापनि सबै किसिमको बलि खाने र बलि नभै खुशी नै नहुने देवी कालिका, चामुण्डा, दुर्गा हुन् भन्ने विश्वास गरिन्छ। यसकारण, दक्षिणकालीमा बलिदान गर्दा चामुण्डा, बाराही, नारसिंहीलाई अनिवार्य रूपमा नै बलिको रक्त अर्पण गरिन्छ।

दक्षिणकालीजस्तै अष्टमातृकागण पनि जीवन्यास गरी तांत्रिक विधिले जगाई स्थापना गरिएका छन्। यसकारण, दक्षिणकालीको पूजा उपासना गर्दा अष्ट-मातृकागणको पनि विधिवत् पूजा, वन्दना बलिदान गरिनु आवश्यक छ।

भगवती दक्षिणकालीका सहचारिणीहरू, जसलाई आवरण देवताको रूपमा पूजा गरिन्छ, त्यस पीठमा समर्पण गरिएको बलिको भागीदार हुन्छन्। अतः त्यहाँ बलिदान गर्ने व्यक्तिले परम्परागत नियमानुसार सबैतिर बलि भाग (रक्त) अर्पण गर्दछन्।

## दक्षिणकालीको ऐतिहासिक परम्परामा केही कथन

दक्षिणकालीको पीठ पुरानो हो भन्ने चर्चा भए तापनि निश्चित समय भन्ने प्रमाण छैन।

फर्पिङ लिच्छविकालीन बस्ती हो भन्ने कुरा लिच्छवि राजा गणदेव (वि. सं. ६१४) को र राजा अंशुवर्मा (वि. सं. ६४७–६७८) को समयका शिलापत्र-हरू त्यहाँ पाइएकाले निश्चित हुन्छ।[11] सनदको काम गर्ने शिलापत्रहरू घनाबस्तीमा स्थापित गरिन्थे। यस-कारण, लिच्छविहरू पहिले आएर फर्पिङमा बसे भने अनुश्रुतिलाई सत्यको नजीक छ भन्नु पर्छ। साथै ललित-पुर क्षेत्रबाट तराई तर्फ जाने मूल बाटो फर्पिङ र छालिङ हुँदै कुलेखानी भएर जान सजिलो पर्थ्यो र

पछिसम्म पनि यस बाटाको प्रयोग गरिन्थ्यो भन्ने कुरा थाहा पाइन्छ। संभवतः लिच्छविकालमा पनि यो चलतीको बाटो रहेको हुनु पर्छ र यहाँको प्रशासन गर्न थिनै कारणले सामन्तहरूको नियुक्ति गर्ने गरिएको हुनुपर्छ।

## लिच्छविकालपछिको अभिलेख

लिच्छविकालका अभिलेख ठाउँ ठाउँमा खण्डित भएकोले सबै कुरा थाहा पाइँदैन। त्यस समयमा दक्षिण–काली पीठको बारेमा पनि थाहा पाउने साधन छैन।

परन्तु दक्षिणकालीको जात्रा (हरिशंकर जात्रा) मा रथारोहण गरी घुमाउने मूर्तिको मुकुटमा एउटा अभिलेख कुँदिएको छ। लक्ष्मीपालजीवको विजय राज्यमा त्रिभुवन कनकेश्वर भट्टारकको रथमा चार ढोका चढाएको कुरा त्यसमा लेखिएको छ र चढाउने टिपींटोल बस्ने दगो भारो हुन् भन्ने थाहा हुन्छ। यो अभिलेख ने. सं. ३६० (१२९७ वि. सं.) माद्र शुक्ल पूर्णिमाको दिनको हो।[12]

यहाँ ढोका चढाएको कुरा मुकुटमा लेखिएको र कनकेश्वर भट्टारकको उल्लेख भएकोले यो प्रश्न अचम्म लाग्ने भएको छ। दक्षिणकालीको आगमघर फर्पिङ शहरभित्रै पर्दछ। यहाँ नै उक्त जात्रा गर्ने मूर्ति राखिन्छ। यो अभिलेखबाट दक्षिणकालीलाई कनकेश्वरी भनिन्थ्यो र शिव शक्तिको संयोग गरी जात्रा गरिने हुँदा कनके–श्वरीका शिव कनकेश्वर हुनुपर्छ। यही देवी विग्रहपछि दक्षिणकालीका नाउँले प्रजित हुन थाल्यो होला भनेर अनुमान गर्न पर्ने भएको छ।

लिच्छविकाल पछिका अभिलेखमा सबैभन्दा पुरानो यही मुकुटको अभिलेख हो र यसपछि यक्षमल्लका पालाका अभिलेख प्राप्त छन्। परन्तु त्यसमा दक्षिणकाली-सम्बन्धी विषय पाइँदैन।

शक्ति पुरुषोत्तमको ने. सं. ५४१ मा ज्योतिमल्ल-को पालामा स्थापना गरेको र त्यसको दस वर्षपछि मन्दिर बनाएको कुरा त्यस अभिलेखमा परेको छ। त्यसबेला सुरंकी (सोलंकी) कुलमा राजपूत रामसिंह, धर्मसिंह, देवसिंह आदि भाइहरूको संयुक्त शासन त्यहाँ चलेको थियो। उनीहरू मुख्य राजा भने उपत्यकाको मल्ल कुललाई नै मान्दथे। सोलंकी वंशका देवसिंह सामन्तसंग सेनवंशकी राजकन्या विवाह भएको कुरा पनि त्यस अभिलेखमा छ। मकवानपुर सेनराज्यको त्यस बेला अस्तित्व नभएको साथै तनहूँ पनि पाल्पा अधीन नै रहेकोले पाल्पाकै सेन कन्या जयतलक्ष्मी हुन् भन्ने कुरा सिद्ध हुन्छ। यसबाट सेनको अस्तित्व वि. सं. १४७७ भन्दा निकै अघिदेखि भएको थाहा हुन्छ।

राजपूत सामन्तहरूको शिखर पत्तन (फर्पिङ) मा शासन चलेपछि नै दक्षिणकाली पीठको विशेष मान्यता एवं पूजाआजा चल्यो होला भन्ने कुरा पनि अनुमान गर्नु परेको छ। सातौं शतीतिर काली तारा आदि शक्तिहरूको उपासना गर्ने परम्पराले व्यापकता पाइसकेको थियो।

दक्षिणकाली देवीको विशेष पूजा पर्वको निम्ति गुठीको व्यवस्था श्री ५ गीर्वाणविक्रमको पालामा वि. सं. १८५६ देखि भएको कुरा एउटा तामापत्र र जग्गा जमीनको लगत तथा आम्दानी लेखिएको लालमोहर ढुङ्गाबाट थाहा पाइन्छ। श्री ५ गीर्वाणबाट नित्यपूजा र थापूजा (महापूजाको) निम्ति ५०४ मुरी (१२६ रोपनी) जग्गा संकल्प गरे र गुठी राखियो।[13]

नेपालका शाह राजाहरू इष्टदेवताको रूपमा पहिलेदेखि नै कालीको उपासना गर्दथे भन्ने कुरा गोरखा दरबारकी कालिकाको अस्तित्वबाट थाहा हुन्छ। मल्ल राजाको इष्टदेवी तुलजा र कुलदेवी दिगुलि तलेज्यु (मानेश्वरी) का उपासक थिए। नेपालको एकीकरणपछि उपत्यकामा नै बस्न थालेपछि विशेष रूपमा इष्टदेवीको पूजा उपासनाको निम्ति गोरखासम्म पुग्ने समय मिलेन। अहिलेको जस्तो यातायातको सुविधा नभएकोले गोरखा–की कालिकाको पूजा पर्वको व्यवस्था, त्यहींका कुल पुरोहित र अन्य व्यक्तिहरूबाट चल्ने चलाउने गरियो र उपत्यकाको नजीक पर्ने फर्पिङकी दक्षिणकालीको पूजा पर्व चलाउने व्यवस्था गरिएको थाहा पाइन्छ।

राज्य ऐश्वर्य प्राप्ति, शत्रु विजय आदिको कामना गरी सेवा गरिने भगवती दक्षिणकाली श्री ५ को कुल परम्पराले मान्दै आएको हुँदा यहाँ श्री ३ को नाउँले

प्रशासन गर्ने राणा परिवारले पनि इष्टदेवीका रूपमा दक्षिण कालिकाकै पूजा वन्दना गर्ने र दीक्षा पनि दक्षिणकालीको महामंत्र (द्वाविंशाक्षरी) नै सुन्ने गरेको कुरा पनि अनुसन्धानबाट थाहा पाइन्छ। आशुतोषा कालिकाको उपासनाद्वारा इष्टलाभ हुने हेतुले नेपालका उच्च भारदारमा पनि दक्षिणकालीको उपासना गर्ने परम्परा रहेको थियो।[14]

उपत्यका विजयपछि परम्परागत आफूले मान्दै आएका इष्टदेवटाहरूको साथै मल्ल कुलद्वारा उपासना गरिने कुमारी तुलजा र दिगुतले आदिदेवीहरूको पनि उत्तिकै आस्था र विश्वासका साथ पूजा मान्यता गरिएको र विशेष दिनहरूमा थापूजा (महापूजा) गर्नको निम्ति शाहराजाहरूबाट प्रशस्त गुठी राखी पूजा पर्वको व्यवस्था बाँधेको कुरा अभिलेख र पूजा परम्पराद्वारा ज्ञात हुन्छ।[15]

## दक्षिण कालिकाका सांस्कृतिक पर्व र जात्रा

दक्षिण कालिका निम्ति प्राचीन राजाहरूले नित्य नैमित्यिक पूजा पर्व चलाउन के कति गुठी राखेका थिए, त्यसको विवरण स्पष्ट थाहा हुनसकेको छैन। परन्तु श्री ५ गीर्वाणबाट गुठी राखिएको दानपत्रबाट थापूजा (महापूजा) र अन्य नित्यपूजाको व्यवस्था गरिएको कुरा थाहा पाइन्छ। त्यो निम्न प्रकार छ।

गुठी समर्पण गरिएको जग्गा ५०४ मुरी थियो। त्यसको वार्षिक आय जिन्सी र नगदबाट प्रत्येक वर्ष वैशाख कृष्ण त्रयोदशी र भाद्रकृष्ण अष्टमी दुई दिन महापूजाको दिन तोकिएको छ।

राजा महाराजाको विशेष दिनहरूमा, जन्मोत्सव पर्व, विवाह, विजय या राज्यप्राप्ति भएको दिन जस्ता महत्त्वपूर्ण संझिएका तिथिमा इष्टदेवता कुलदेवताको महापूजा सम्पन्न गर्नको निम्ति विशेष गुठीको व्यवस्था गर्ने परम्परा थियो। मल्लकालमा तलेजुको महापूजा (थापूजा)को निम्ति राजा प्रतापमल्ल, नृपेन्द्र, पार्थिवेन्द्र, भूपालेन्द्र आदिले गुठीको व्यवस्था मिलाई थापूजाको प्रबन्ध गरेका थिए। यो परम्परा शाहवंशी राजाहरूबाट पनि निर्वाह गरियो।

श्री ५ गीर्वाणबाट तलेजुको थापूजाको पनि व्यवस्था भएको छ। त्यस्तै दक्षिणकालीको निम्ति पनि विशेष व्यवस्था गरिएको पाइन्छ।

दक्षिणकालीको निम्ति प्रति वर्ष वैशाख कृष्ण त्रयोदशीको दिनमा थापूजा (महापूजा) र भाद्र कृष्ण अष्टमीका दिन थापूजा (महापूजा) गर्नकोलागि यो गुठी राखिएको छ। नित्यपूजाको व्यवस्था पनि यसै गुठीबाट गरिएको छ।

थापूजा प्रायः राजाहरूको जन्मोत्सव पर्वमा नै राखिएको हुन्छ। परन्तु दक्षिणकालीको यो थापूजा भने त्यसो नभएर आमाको निम्ति भनिएकोले श्री ५ कान्तवतीको जन्मदिनको दिन र अर्को पूजाको निम्ति भाकल गरिएको दिन यो महापूजाको व्यवस्था गरिएको बुझिन्छ। वैशाखकृष्ण १३ र भाद्रकृष्ण ८ मध्ये कुनै दिन कान्तवतीको जन्मदिन हो, त्यो भन्ने प्रमाण प्राप्त छैन। श्री ५ गीर्वाणको जन्म १८५४ आश्विन शुक्ल द्वादशीमा भएको थियो र १८५५ फागुन १८ गते राजगद्दी आरोहण भएको मिति भएकोले आफ्नो विशेष पर्वमा यो गुठीको व्यवस्था भएको होइन भन्ने स्पष्ट छ। श्री ५ कान्तवतीको १८५६ साल कार्तिक १९ गते आर्यघाटमा इहलीला समाप्त भएको कुरा अभिलेखद्वारा थाहा हुन्छ। यो दक्षिणकालीको निम्ति गुठीको व्यवस्था मुमाको जीवित अवस्थामा १८५६ आश्विन कृष्ण अष्टमीका दिन संकल्प गरी आश्विन शुक्ल अष्टमी (१५ दिनपछि) का दिन तामापत्र टंकन गरिएको थियो।

भाद्रकृष्ण अष्टमी, भगवतीको पर्वदिन नै मानिन्छ। यो कृष्ण भगवान्‌को जन्मदिन पनि हो। प्रत्येक महीनाका अष्टमी र चतुर्दशी देवीका पर्वदिन मानिने हुँदा अष्टमी पर्वदिन नै भन्नु पर्छ। वैशाख कृष्ण त्रयोदशी विशेष पर्व नपर्ने हुँदा श्री ५ मुमा कान्तवतीको जन्मदिन हुनसक्छ।

यस बाहेक वर्षदिनभित्र देवीका चार नवरात्र पर्व पर्ने कुरा शास्त्रमा उल्लेख भएको पाइन्छ।[16] चारमध्ये

बडादशैं (आश्विन शुक्ल नवरात्र) र चैते दशैं (चैत्र शुक्ल नवरात्र) विशेष भगवतीको पर्व मानेर पूजाआजा बलिदान गर्ने अद्यावधि चलन छ। यी विशेष पर्वको दिन उक्त ताम्रपत्रमा महापूजाको उल्लेख नभए तापनि विशेष पूजा र बलिदानका कामहरू सम्पादन गरिन्छन्। यी दुई दशैं पर्वहरूमा भक्तजनहरूबाट पनि विशेष पूजा र बलिदान सम्पन्न हुन्छ।

दक्षिणकालीलाई कुलदेवीको रूपमा मानेर जेष्ठ कृष्ण अष्टमीमा श्री ५ महाराजाधिराज सरकारबाट प्रतिवर्ष स्वयं पूजाविधान सम्पन्न गरी बक्सन्छ र विशेष कार्यको अभीष्ट सिद्धि निम्ति पनि विशेष पूजा र पंचबलि गर्ने परम्परा रहेको छ।

## दक्षिणकालीसम्बन्धी जात्रा

भाद्र शुक्ल द्वादशीको दिनदेखि फर्पिङ शहरमा हरिशंकर जात्राको नाउँले १५ दिन चल्ने जात्रा शुरू हुन्छ। यसै दिनदेखि काठमाडौंमा इन्द्रको लिंगो उभ्याई इन्द्रजात्रा शुरू गरिन्छ भने, भक्तपुरमा पनि इन्द्रजात्राकै प्रतिरूपमा जात्रा चलेको हुन्छ। मध्यकालमा उपत्यकाभित्र बनेका तीन मल्लराज्यमा आ–आफ्ना किसिमका विशेष चाडपर्व चलाउने व्यवस्था गरेका थिए। प्राचीन तथा मध्यकालमा देशभित्र सार्वजनिक मनोरञ्जनको साधन जात्रा नै हुन्थे। खेतीपातीको कामबाट विश्राम पाएको तथा नयाँ अन्न भित्र्याई आवश्यकताको पूर्ति भएको बेलामा अथवा हिउँदे बालीहरू थन्क्याई सकेको, नयाँ बाली लगाउने समय नभएको बेला पारेर यस्ता जात्राको चलन भएको पाइन्छ।

उपत्यकाका राजालाई राजाको रूपमा मानेर सामन्त तथा महासामन्त राजाको रूपमा शासन गर्ने व्यक्तिहरू फर्पिङ, बनेपा, पनौती आदि ठाउँमा थिए। सोलंकी राजपूत वंशका राबुत्त (राजपुत्र) हरूको परम्परागत शासन फर्पिङमा चलेको थियो र वरपरका ठकुरी राजघरानाका कन्याहरूले नै यी सामन्त राजपूतले विवाह गरेका हुन्थे। तीन शहरमध्येका कुनै मल्लराजालाई मानेर आफ्नो क्षेत्रमा स्वतंत्र रूपमा शासन गर्ने यी सामन्त शासित प्रदेशमा पनि अन्यत्र चाडपर्वको रमाइलोले मनोरञ्जन गरेको बेलामा कुनै महत्त्वपूर्ण जात्राको कार्यक्रम हुनु आवश्यक थियो। भक्तपुरमा एक हप्ता चल्ने विस्केट जात्रा, काठमाडौंको इन्द्रजात्रा, पाटनको कार्तिक नाच, फर्पिङको १५ दिनको हरिशंकर जात्रा विशेष पर्वहरू हुन्।

फर्पिङका प्राचीन देवता गोपालेश्वर (शिव) र लिच्छवि शासन शुरू भएको बेला स्थापित शिखरनारायणको संयुक्त नाउँमा चलेको हरिशंकर जात्रालाई भव्य रूपमा मनाउन फर्पिङ क्षेत्रका समस्त देवीदेवताको पनि विशेष पूजाआजा गरी रथ (खट) मा राखी शहर घुमाउने र नाचगान, खानपानले मनोरञ्जन गरिन्छ।[17]

१. भाद्र शुक्ल द्वादशीका दिन पुरानो राजदरबार अगाडि पर्ने डबलीमा जात्राको शुरू गरिन्छ। जहाँ झंकेश्वरीको पीठ छ, त्यहाँ तलेजु (फर्पिङ) का पूजारी र दक्षिणकालीका पूजारी मिलेर तांत्रिकविधिले पूजा शुरू गर्दछन्। यस क्षेत्रका अन्य देवताका पूजारी र छूट गुठी तथा निजी गुठीका गुठीयार पनि भेला हुन्छन्। त्यहीं फर्पिङका समस्त देवताको आवाहन गर्ने विधि सकेपछि दुइटा बलि दिनु पर्छ।

२. भोलिपल्ट गोपालेश्वरको आगमघरमा पूजा गरी जात्रा गर्ने मूर्तिको रथारोहण गर्दछन् र जात्रामा सरिक हुने देवताहरूको मूर्ति पनि ल्याएर गणेशको पाटीमा ल्याई पूजा सम्पादन गरी रातभरि राखिन्छ। त्यसको भोलिपल्ट (चतुर्दशी) का दिन रात्रिमा शिखरनारायणका पूजारी राजोपाध्याय र जोशी, गोपालेश्वरका आगमका पूजारी आचाजु समेत मिली फर्पिङका समस्त देवतालाई प्राचीन विधि अनुसार काँचो धागाको पुथिका बनाई चढाउँछन् र यज्ञमण्डप बनाई रातभरि होमादि कर्म गरिन्छ। यस विधिविधानका यज्ञमान, छूट गुठीका अमात्य (पहिलेका मन्त्री खान्दान) ले गर्दछन्।

३. भाद्र शुक्ल पूर्णिमाको दिन गोपालेश्वरको रथ (खट) तयार गरी पाँच बजे जात्रा शुरू हुन्छ। चारमुखे शिवलिंग जस्तै ठूलो तामामा सुवर्ण मोलम्बा गरिएको

नाङलीङ (गोपालेश्वरको यात्रा गर्ने मूर्ति) रथमा राखिन्छ। सुवर्ण लेपित गजूर भएको रथ सिंगारिन्छ र ८।९ बजे रात्रिमा रथमा चंदुवा टांगी पोशाक पहिराइसकेपछि राजप्रतिनिधि (पुरानो सामन्त राजाको खान्दान) ठकुजुजु (हालका बद्रिराज मल्ल) ले सेतो जामा फेटा लगाई पूजा शुरू गर्दछन्। पुरोहित राजोपाध्याय हुन्छन् र रकमी चारजना विशेटहरूले बोलाउँछन् र कोटाल टोलका ५०–६० जना मानिसले खट बोकी बाजागाजा साथ कोटाल टोलदेखि माथि लाछीमा खट राखिन्छ।

४. आश्विन कृष्ण चौथीको दिन दिउँसो कोछुटोलमा तिलविक्रमेश्वर, थलखु टोलमा अघोरेश्वरको रथ, यलखु टोलमा नन्दिकेश्वरको रथ, थथेप टोलमा शेष-नारायण (शिखरनारायण) को रथ, कोटेप टोलमा महालक्ष्मीको रथ समेत ६ ओटा रथ(खट) समेत ठीक पारी पीठ पीठबाट पूजारी र रकमीद्वारा जीव-घट ल्याई स्नान गराई पूजा सम्पादन गरी जात्राका निम्ति बनेका पीठ देवताका प्रतीक मूर्तिहरू रथारूढ गरेर अलि अलि ठाउँ सारी राख्ने काम हुन्छ।

५. आश्विन कृष्ण अष्टमीको दिन गोपालेश्वर, तिल-विक्रमेश्वर, दक्षिणकालीको रथ, अघोरेश्वर, नन्दि-केश्वर, महालक्ष्मीको रथ र कालभैरवको मूर्ति चित्र अंकन भएको माटाको घ्याम्पा (जाँड भरिएको) समेत जात्रा गरिने देवता राख्ने आगमघरमा राखी, बलिदानको निम्ति अर्पण गरिएका सातओटा राँगा पनि त्यहीं बाँध्नु पर्छ।

६. आश्विन कृष्ण नवमीका दिन बिहान उक्त सात राँगा पीठ पीठमा लगी बलिदान गरी प्रसाद रूपमा सातै राँगाको मासु सातै टोलमा बाँडी दिनुपर्छ। यो खट बोक्ने व्यक्ति र विशेटहरूले मागशान्ति पाउँछन्।

बेलुका ९।१० बजेतिर बाजागाजाको साथ सर्व-प्रथम दक्षिणकालीको खट, टिपी टोलका व्यक्तिहरूले थलखु टोलबाट बोकी ल्याई कोछु टोल, यलखु टोल, थलखु टोल घुमाई थलखु टोलमा राख्दछन्। त्यसपछि नन्दिकेश्वर इन्द्रायणीको खट थलखु टोलका माझ्छेले बोकी थलखु, पीटि, कोछु टोल घुमाई यलखु टोलमा लगेर राख्दछन्। यो दिन ३ रथ(खट)यात्रा हुन्छ।

७. उक्त तीन रथ यात्रा पनि रात्रिमा कोछु टोलको "बौलोहँ" भनी स्वच्छन्द भैरवमा कोछु टोलका विशेटले कर्माचार्यद्वारा पूजा गराई एउटा बोकाको बलिदान गर्दछन्। बोकाको छाला, खुर र टाउको जम्मा गरी तिलविक्रमेश्वर कुमारी रथको द्वादक मुनिको मुजुङ्गो भरि भात राखेर बोकाको टाउकाको पूजा गरी सातै टोलका विशेट जम्मा भएर कसाहीलाई बाजा बजाउन लगाई फर्पिङका सातै टोलका देवी-देवताका पीठको क्षेत्र दोबाटो चौबाटोमा उक्त भातको बलि दिन्छन्। यो बलि देवताका सान्निध्यमा रहेका भूत, प्रेत, बेताल, क्षेत्रपालगण आदिलाई समर्पण गरिएको हो। यसलाई 'भूया' भन्दछन्।

८. आश्विन कृष्ण दशमीका दिन बिहान कोटेप टोलका रक्तभैरवमा पूजा गरी एउटा बोकाको बलि अर्पण गरिन्छ। यिनको प्रसाद रूप तामाको घ्याम्पामा भरि जाँड राखिन्छ र मकुण्डो लगाएका भैरवको घ्याम्पा बाजागाजाको साथ बोकी कोटाल टोल पुऱ्याउँछन्। त्यहाँ कालभैरव (प्रचण्डभैरव) को तामाको घ्याम्पा भरि जाँड राखेर रक्सी समेत भएको घ्याम्पालाई मकुण्डो, मुण्डमाला धारण गरेको, त्रिशूल डमरू हातमा लिने भैरवसाथ भई रक्तभैरव र कालभैरवको घ्याम्पाको बिहान भरि नै जात्रा चलाउने कार्य हुन्छ। यो जात्राको दशैंताकको पचलीभैरव जात्राकै अनुरूप हो।

आश्विन कृष्ण दशमीको राति १०।११ बजे बाजागाजाका साथ शिखरनारायण र महालक्ष्मीको खट यात्रा गरिन्छ।

### मूल जात्रा

आश्विन कृष्ण एकादशीको दिन रात्रि १०।११ बजेतिर कोछु टोलको चक्रपूजा गरिने ठाउँमा माटाका नौ ओटा घ्याम्पा जाँड भरेर राखी भात पकाई पूजाको सामान, कुखुराको भाले १, राँगा १ समेत ठीक पारेपछि

मृगस्थली गोरखनाथका महन्त वा उनले खटाएका कनफट्टा जोगीका समक्ष नौ ध्याम्पा जाँड राखेपछि भैरवहरूको आवाहन गरी चक्र पूजा गरिन्छ। पूजापछि कुखुरा र राँगाको बलि दिन्छन् र त्यसपछि भुजा (भातको बलि) छर्ने कार्य गरिन्छ। राति कुमारी सहित तिलविक्रमेश्वरको रथ र महालक्ष्मीको रथ समेत तीन रथ (खट) जम्मा गरी जात्रा प्रदर्शन गरिन्छ। यसपछि शेषनारायणको रथ बोकेर त्याई झंकेश्वरीको मन्दिर घुमाई, त्यस ठाउँभन्दा अलि अगाडिको चेप्टो ढुङ्गो नघाई उक्त रथ कोछु टोलमा पुगेमा जात्राको सांगे (समाप्ती) भएको मानिन्छ।

भोलिपल्ट बिहान फर्पिङ क्षेत्र भरिका देवीदेवतालाई "सिन्दूरभाग" पूजा गरी रकमीहरूलाई बाँडी सकेपछि एक एक पाउ सिन्दूरका पोका ठकु जुजु, शेषनारायणका पूजारी, दक्षिणकालीका पूजारी, बज्रयोगिनीका पूजारी, अन्य रकमी, जजमान हुने प्रधान, महाने, कसाही, कुसले, पोडे, कामी, सार्की, नाउ, भाट, बाजा खजकी, सबैलाई सिन्दूरका पोका बाँडिदिनु पर्छ। यसपछि बाजागाजा गरी सबै पूजारी रकमी पछि लागी हरिशंकर जात्रा गरिने सातै रथमा र अरू देवीदेवतालाई सिन्दूर चढाउने कार्य हुन्छ। पछाडि कोत तलेजुमा सिन्दूर चढाइन्छ। त्यसपछि जात्राको नवमी, दशमी, एकादशी समेत तीन दिन बत्ती बाल्ने गोनालमा सिन्दूर चढाई सकेपछि जात्रा सकिन्छ।

## यात्राको रथमा स्थापना गरिने देवताहरू

नन्दिकेश्वर इन्द्रायणी, अघोरेश्वर नील वाराही, कनकेश्वर दक्षिणकाली, सिद्धि गणेश्वर महालक्ष्मी, तिलविक्रमेश्वर कुमारी, शेषनारायण, गोपालेश्वरका रथहरू छन्। जात्रा गरिने केन्द्रविन्दु, जहाँ चक्रपूजा पनि सम्पादन गरिन्छ, झंकेश्वरी पीठ छ। यी देवी कालीकै एउटा रूप वा नाउँ हो।

उपर्युक्त देवताको रथहरू फर्पिङका सातै टोल घुमाई झंकेश्वरी पीठको बायाँ तर्फ पर्ने कोछु टोल घुमाई सबैभन्दा माथि गोपालेश्वर अनि नन्दिकेश्वर, त्यसपछि कनकेश्वर, अनि अघोरेश्वर र त्यसपछि सिद्धिगणेश्वर, त्यसपछि तिलविक्रमेश्वर, कोटाल टोलका शिवलिंग, त्यो भन्दा माथि शिखरनारायणको रथ राखी हरिशंकर रथ जोड्ने विधि गरिन्छ।

आश्विन कृष्ण त्रयोदशीमा १२।१ बजे दिनमा जुलुस सहित गोपालेश्वरको रथ सातै टोल घुमाई तलको पोडे टोलमा पुगेपछि पूजा गरी योमरी र फलफूलले रथलाई पर्सी प्रसाद बाँडिसकेपछि गोपालेश्वरलाई मन्दिरमा पुन्याइन्छ र नाङग्रोल (जात्रा गर्ने मूर्ति) तथा जल सि देवता (मूल मूर्तिको प्रतीक) गोपालेश्वरको अचल लिंगमाथि चार दिनसम्म राखी पूजा गरी हवन गरिन्छ। चार दिनसम्म गरिने हवन र पूजा सकी उक्त मूर्तिहरू आगमघरमा फिर्ता ल्याइन्छ।

गोपालेश्वरको रथ मूल मन्दिरमा पुगेपछि मात्र अन्य ६ रथका मूर्तिहरूको खट ६ टोलमा लगिन्छ।

## परम्पराहरू

गोपालेश्वरको रथ यात्रा हुँदा उक्त रथ झंकेश्वरीको मन्दिर अगाडि पुग्यो भने, या कोटाल टोलका गौरगणेशको अगाडि पुग्यो भने, अतिक्रमण दोष शान्तिको निम्ति कालो भेंडो एउटा ल्याई गोपालेश्वरको छाकल (धुराका भैरव) लाई भोग दिनुपर्छ। साथै ११ ब्राह्मणद्वारा लघुरुद्रि पाठ, चण्डी पाठ, विष्णु सहस्रनाम, गणेश सहस्रनाम पाठ गर्नुपर्छ।

यस्तो अतिक्रमण २०३४ साल र २०३८ सालमा भएको थियो। शान्ति स्वस्तिको निम्ति गुठी संस्थानबाट सरसामानको निकासा दिनुपर्छ।[18]

उपर्युक्त जात्राको परम्पराको अध्ययन गर्दा शिखरनारायणभन्दा पनि अगाडिका गोपालेश्वरको फर्पिङमा प्रमुखता रहेको पाइन्छ र त्यसपछिका शिखरनारायणको सहभागिताले हरिशंकर जात्राको श्रीगणेश भयो।

प्रत्येक देवताका शक्तिहरूको पनि साहचर्य आवश्यक मानिएकोले दक्षिणकाली, वाराही, कौमारी,

महालक्ष्मी, वैष्णवी, इन्द्रायणी, चामुण्डा आदिको पनि भावना गरी मूर्ति राखी जात्रा चलाउने गरेको ज्ञात हुन्छ ।

कनकेश्वर शिवको शक्ति दक्षिणकाली स्थानीय मान्यतानुसार कनकेश्वरी नाउँले पनि प्रसिद्ध रहिछन् भन्ने थाहा हुन्छ भने ने. सं. ३६० को कनकेश्वरी मुकुटको अभिलेखले (३६०+९६०=१२९६ वि. सं.) भन्दा पनि निकै पहिलेदेखि नै दक्षिणकाली पीठको अवस्थिति र हरिशंकर जात्राको परम्परा चलेको रहेछ भन्ने कुरा जान्न सकिन्छ ।[19]

## फर्पिङको विकास-क्रममा दक्षिणकाली पीठको प्रमुखता

दक्षिणकाली पीठको प्रमुखताबारे हरिशंकर जात्राबाट ज्ञात हुँदैन । उत्तर प्राचीनकालमा तांत्रिक साधना पक्षको विकास र शक्तिपीठहरूको विशेष मान्यता हुन थालेपछि देश रक्षाको निम्ति आफ्ना नगर वरिपरिको क्षेत्रमा पीठ देवताको स्थापना गर्न थालेको कुरा थाहा पाइन्छ ।

राजा गुणकामदेवले काठमाडौंलाई राजधानी बनाएको क्रममा चारैतिर पीठ देवताको स्थापना गरिएको कुरा वंशावलीले प्रस्तुत गर्दछन् । प्राचीन वास्तुशास्त्र अनुसार नगर निर्माण गर्दा देवता स्थापना गरिने क्रमको जुन उल्लेख पाइन्छ, त्यो र आठौं शतीपछिका नगर निर्माणमा स्थापना गरिने पीठ देवतामा धेरै अन्तर थाहा हुन्छ ।

तांत्रिक पक्षको विशेष उत्थान भएपछि फर्पिङ चारैतिर दक्षिणकाली पीठलाई मध्यस्थान पारी अन्य पीठ देवी अष्टमातृकाको स्थापना गरियो । जसको विवरण निम्नस्थ छः–

१) गोपालेश्वर, फर्पिङ –पीठ देवी माहेश्वरी पीठ, कटुवाल दह

२) तिलविक्रमेश्वर, फर्पिङ –पीठ देवी कुमारी, फर्पिङ

३) अघोरेश्वर, फर्पिङ –नीलवाराही, फर्पिङ

४) नन्दिकेश्वर, फर्पिङ –इन्द्रायणी, गोरखापादुका नजीक

५) शिखरेश्वर, फर्पिङ –चामुण्डापीठ, शेषनारायण नजीक

६) कनकेश्वर, फर्पिङ –दक्षिणकाली

७) सिद्धि गणेश्वर, फर्पिङ –महालक्ष्मी

८) श्री...... –ब्रह्मायणी पीठ, पावर हाउस मुनि

९) श्री...... –वैष्णवीपीठ, दक्षिणकाली-भन्दा माथि डाँडामा, आमाको नाउले चर्चित ।

उपर्युक्त पीठ बाहेकका तलेजु (तुलजा) राजदबार कोतघर, झंकेश्वरी तुलजाको सामु अगाडि र त्यसैको केही पश्चिम उग्रचण्डीपीठ छ भने बौद्ध परम्पराकी देवी बज्रयोगिनी (खड्गयोगिनी नामले चिनिने) फर्पिङ पश्चिम डाँडाको फेदीमा स्थापित छन् । यसरी विभिन्न पीठ देवता, स्थानीय देवता र क्षेत्रपाल तथा विभिन्न भैरव देवताका पीठले युक्त गरी मध्यकालीन धार्मिक मान्यताको निर्वाह फर्पिङ शहरले पनि गरेको थाहा हुन्छ ।

## पाद टिप्पणी

१) फर्पिङ यल्खु टोलको अभिलेख... दशमी आदित्यवार कुन्हु फणपिदेश ।

२) राजा गणदेश (लिच्छवि) को र भोमगुप्तको अभिलेख (ख) अंशुवर्माको अभिलेख धनबज्र–लिच्छविकालका अभिलेख, पृष्ठ १८२–८४ र ३६८–३६९ ।

३) तत्राद्यो राजा भूमिगुप्त । वर्ष ८६... गोपाल वंशावली, पृ. १७ ख ..तत् पश्चात् गोपाल महिषपाल निर्जित्य किरात राजा प्रवर्तते: गो वं., ऐ, पृ. १७ ख ।
...... अथ सूर्य वंस्सप्रभावात् नेपालि किरात राजा निर्जित्य ।। · लिच्छवी वंस्स प्रवर्तते ।। ऐ. ऐ., पृ. १९ ख. ।

४) प्रज्ञा, वर्ष १७, अंक ६३–लेखकको हरिशंकर जात्रा फर्पिङ ।

५) हिमवत्खण्ड, अंक १०६ ।

६) सलिलोद्यान युक्तेषु कृतेष्व कृतकेषु च । स्थानेष्वेतेषु सान्निध्यमुपगच्छन्ति देवता ।।३।। वृहत्संहिता, अ. ५६, पृ. २५० ।
वनोपान्त नदी शैल निर्झरोपान्त भूमिषु । रमन्ते देवता नित्यं पुरेषुद्यानवत्सु च ।।८।। वाराही वृहत्संहिता, अ. ५६, पृ. २५० । वराहमिहिर ।

७) यस पीठ नेपालका मुख्य मै विराजमान भैरहनु भएका, अघि कहीं मूर्ति प्रकाश छैन, पीठमात्र भएको थियो ।। पछि प्रतापमल्ल राजाका उपर ॐ श्री दक्षिणकाली प्रसन्न भै मेरो स्वयं मूर्ति प्रकाशित छ मलाई मूर्ति बनाई स्थापना गर भनी स्वप्न वाणी भएको याद नगरी रहंदा फेरी कन्याकुमारी प्रवेश भै मेरो स्वयं मूर्ति प्रकाशित छन् मलाई मूर्ति बनाई स्थापना गर महा भए रोग निवारण भै आयुबृद्धि सामराज्य प्रख्यात होला भनि आज्ञा हुँदा राजाले मूर्ति बनाउन लाग्यो र तयार भएपछि त्यो मूर्ति अप्रकाशित हो दरबार भित्र स्थापना गर भनी स्वप्न वाणी हुंदा फेरी दोस्रो मूर्ति बनाउन लायो र तयार भया र गरु लम्बकर्ण भट्टसंग सम्मत गरी यिनै भट्टद्वारा ॐ श्री दक्षिण–कालीलाई दक्षिण दिशामा स्थापना गरी दिएका हुन । यिनी दक्षिणकाली वहुतै प्रख्यात छन् ।...... देवमाला वंशावली, पृ. ६१ र ६२ । योगी नरहरिद्वारा सम्पादित ।

८) नेपाल देशको इतिहास– प्राचीन नेपाल, सं. १८, पृ. १३ श्री ५ को सरकार, पुरातत्त्व विभागद्वारा प्रकाशित ।

९) स्वस्ति ।। श्रीश्रीश्री गुहेश्वरीयात प्रीतीन...सद... भासु संगीत वि... (दक्षिण पट्टि)द्या पारग महा–राजाधिराज विद्वद् चूडामणि श्रीश्री राजेन्द्र कवीन्द्र जय प्रतापमल्ल न धातु पत्र तथा सम्वत् ७८० आषाढ शुदि (पूर्वपट्टि) पू.. ।
(उत्तरपट्टि) पशुपति ललिते राजराजेन्द्र...संसार सार भूते रघुपति विमले वंशराजे सुतातैः ।... रविकुल तिलक श्री कवीन्द्र ।
(पश्चिम पट्टि) प्रतापं गुह्येश्वर्या ..पितं कनकमपं पद्म पत्रं त्रपंच ।
गुह्येश्वरीको भित्र स्वर्णपाताले छोपिएको कलश पश्चिम भैरव(स्याण्डिल) को अभिलेख ।

१०) धनशम्शेर– निगमागम वैज्ञानिकसार द्वितीय पटल, पृ. ४१–८४ ।

११) यसै टिप्पणीको २ नं. हेर्नोस् ।

१२) ॐ श्रेयोस्तु ।। सम्वत् ३६० भाद्रपद शुक्ल पूर्णिम्यां ।। श्री त्रिभुवन कनकेश्वर भट्टारकस्य सर्व रथन खतिन पत चतरद्वार ।
२ सं प्रद्योकितम् ।। श्री लक्ष्मी पाल जीवस्य विजय राज्य ।। दानपती टिपीं टोल अधिवासिन दगो भारोस शुभम् ।।
दक्षिणकालीको जात्रा लैजाने मूर्तिको मुकुटको अभिलेख ।

१३) परिशिष्ट १ को अभिलेख ।

१४) राणा र अन्य भारदारका पुरोहितहरूको स्तोत्रबाट ।

१५) तलेजुमा रहेका ताम्रपत्रहरू (लेखकको तुलजा शोध-ग्रन्थ)

१६) लेखकको तुलजासम्बन्धी अप्रकाशित ग्रन्थ ।

१७) कुलचन्द्र कोइराला–दक्षिणकाली–क्षेत्र फर्पिङ हरिशंकर जात्रा एक अध्ययन । प्रज्ञा, वर्ष १७, अंक १, पूर्णाङ्क ६३, पृ. १ देखि १२ सम्म । प्रकाशक– नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी ।

१८) स्रोतः-गुठी संस्थानको लेखा तथा व्यवस्था शाखा ।

१९) यसै टिप्पणीको १२ नं. को अभिलेख ।

## परिशिष्ट १

### दक्षिण कालिका

श्री मन्मात्रा

१) श्री दक्षिण कालिकायै नमः।। स्वस्ति श्री सालिवाहनीय शके विधु नयन ऋषि चन्द्र मिते १७२९

प्रमोद नाम संवत्सरे श्रीसूर्य दक्षिणायने आश्विन मासे कृष्ण प—

२) क्षे अष्टम्यां पुण्य तिथौ रविवासरे आर्द्रा नक्षत्रे व्यतिपात योगे बालव करणे गिरिश मुहूर्ते कन्याराशि स्थिते सूर्ये मिथुन राशि स्थिते चन्द्रे देव गुरौच अन्येषु यथास्था।

३) न स्थितेषु सत्सु स्वस्ति श्री गिरिराज चक्र चुडामणि नर नारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्रीश्रीश्री महाराज गी—

४) र्वाण युद्ध विक्रम शाह वहादुर सम्सेर जंङ्ग देवानां सदा समर विजयिनाम् श्री २ प्रितये प्रति वर्षीय वैशाख कृष्ण त्रयोदश्यां भाद्र कृष्णष्टम्यां च दानम—

५) त्स्था यथालिपि सामग्री मिरन्यून्यामि महा पूजां प्रति दिन नित्य पूजां च कारयितु फर्पिङ ग्राम भूभागान्तर्गत चतरूत्तरतः पञ्चशत ५०४ मुरि परिमितं क्षेत्रं सकुशो—

६) दकं संकल्प समर्पित मस्ति।। महापूजा नित्य पूजार्थ समुत्सष्टै तत्क्षेत्र सीमा पूजन सामग्री देयं क्षेत्र रक्षाधिकारस्थ जनभोग्यं चैतत्सर्वं वृत्तान्त विलसि—

७) त मरूत मुद्रा लङ्कृत दान पत्र मधिकारिहस्ते स्थापित मस्ति अधिकारिणा च दानपत्र लिखिता यथा लिपि सामग्री नित्य नैमित्यिक पूजासु—

८) प्रापयितव्या कदाचिद्दैव वसादन्तराय प्रतिते सति अधिकारिणा राजद्वार मागत्य सचिव प्रभृति भारदार निकटे विज्ञप्तिं कृत्वा यथोक्त—

९) सामग्री संपाद नीयाः सचिवादिभिश्च तदीयोक्ति मव धार्य दानपत्र लिखित मानति क्रम्य नित्य पूजा नैमित्तिक पूजा च कारयितव्याः।। अथैतस्मिन्देव स्पेत दधि—

१०) कार्यन्योयः कश्वन पापात्मा लोममा चरिष्यन् नित्य नैमित्यिक पूजा खण्डन करिष्यति स पञ्च महा पातकी भविष्यति तमेव—कोपटृष्टचा पश्यतु स—

११) एव पुनर्वर्णा श्रमानु सारेण पराधानु सारेण च वधार्ह श्वेद्धन्तव्यः।। तत्कल त्रादिक दास्यत्वे नियोज्यम् अवध्यो ब्राह्मणादिर्मुण्डना परा—

१२) ध युक्तश्वेतथा विधेयः। धनापहार योग्य श्वेत्तदीय धनं दायानुसारेण ग्राह्यम्। आपसारण योग्य श्वेद्देशतो वहिनिःसारणीयः। यःकश्चन ध—

१३) र्मात्मा तिधर्म संरक्षण विधास्यननुभय पूजां निर्वाहयिष्यति स पच महायज्ञ जन्य पुण्यभाग् भविष्यति तस्मिन्नेव कृष सुदृष्टिश्च नि—

१४) तरां पतिष्पतीत्यत्र साक्षिण आदित्य चन्द्रोदयो देवाः।। मुनुष्याश्चैते मंत्रिनायकाः श्रीरणोद्दतसाह श्री समसेर साह श्री वलभद्र साह श्री विदुर—

१५) साह श्री सेर वहादुर साहाः।।सचिवास्तु।। पाडे श्री रणजित पाडे श्री दामोदरः श्री त्रिभुवन श्री नरसिंह महाकोषध्यक्ष पाडे श्री भोटुः कोषाध्यक्षः

१६) स्यामलालोपाध्यायः। सोर्ण रौप्य मुद्राधिकारस्थः श्री भीमः। संकल्प वाक्यवक्ता पुरोहितः श्री दैवज्ञ केशरी पण्डितः। उदक न्यासकर्ता सचिव श्री की—

१७) तिमान सिंहः। सीमा समय साक्षिणः। पन्तोप नामक श्रीहर्षः। अर्यालोपनामकः श्री हरिः। खनालोप नामको भानुपाध्यायः। जगजित पाडे बोहोरोप नाम

१८) कःश्री हरिवंशः। रानोपनामक श्रीवंश वीरः। इतिश्री विक्रमार्क सम्वत् सरे १८५६ आश्विन शुक्लाष्टम्या आदित्य वासरे लेखो यं कान्तिपुर्यः शुभः।

१९) स्वदत्तां परदत्तां वा यो हरेच्च वसुन्धराम्। षष्टी वर्ष सहस्त्राणि विष्टायां जायते कृमिः।१।।शुभम्।।

अनुवाद—

श्री दक्षिण कालिकालाई नमस्कार। कल्याण होस् श्री साली वाहनीय शक १७२१ प्रमोद नामको संवत्सर वर्षमा सूर्य दक्षिणायन भएको बेला आश्विन महीना कृष्णपक्षको अष्टमी पुण्य तिथिमा आइतवार, आर्द्रा नक्षत्र व्यतिपात योग, वालवकरण, गिरिश मुहूर्तमा, कन्या राशिमा सूर्य, मिथुन राशिमा चन्द्रमा र वृहस्पति भएको

र अन्य ग्रहहरू आ–आफ्नो स्थानमा भएको बेलामा कल्याण होस् (श्री ५ को प्रशस्ति) श्री ५ गीर्वाण वीर विक्रम शाहदेवबाट श्री दक्षिणकाली प्रीतये गरी प्रति वर्ष वैशाख कृष्ण त्रयोदशी र भाद्र कृष्ण अष्टमीमा पनि दान-पत्रमा लेखिए बमोजिम सामग्रीमा अलिकति पनि कम नगरी महापूजा र नित्यपूजा गराउन फर्पिङ गाउँको भू–भाग अन्तर्गत पाँचसये चार मुरी परिमाणको खेत, पानी कुश लिएर संकल्प गरी चढाएको छ। महापूजा र नित्यपूजाको समयमा पूजाको सामग्री दिनु। महापूजा र नित्यपूजाको निम्ति खेतको सिमाना छुट्याइएको छ। खेतको रक्षा गर्नेको अधिकार र जनताले खान पाउने भागको सबै वृत्तान्त भएको लालमोहर लागेको दानपत्र अधिकारी (गुठीयार द्वारे) को हातमा राखिदिएको छ। यसको अधिकारवालाले दानपत्रमा लेखिएको सामग्री नित्यनैमित्य पूजाको बेलामा पुऱ्याई दिनु। कदाचित् दैव वश विघ्न आई पऱ्यो भने, अधिकारीले दरबारको ढोकामा आएर सचिवादि भारद्वारका नगीचमा निवेदन गरेर लेखिए बमोजिमको सामग्रीको प्रबन्ध गर्नू।

सचिवहरूले पनि गुठी चलाउनेको उक्ति अनुसार विचार गरी दानपत्रमा लेखिएको कुरा घटीबढी नपारी नित्यपूजा र नैमित्यिक पूजा गराउनु। यी देवताको यस्तो काममा जो कोही पापात्मा लोभ नैमित्यिक पूजा खण्डित गर्ला, त्यो पञ्च महापातकको भागी होला। त्यसलाई श्री दक्षिण कालिकाले कोप दृष्टिले हेरून्। त्यसलाई वर्णाश्रम अनुसार र अपराध अनुसार काट्न हुने जाति भए मारिनै दिनू। त्यसका स्वास्नी छोराछोरीलाई दास बनाई दिनू, मार्न नहुने ब्राह्मण आदिलाई अपराधी छ भने मुडी दिनू। सर्वस्व गर्न योग्य छ भने, त्यसको धन भाइ अंश छुट्याई हरण गर्नू। देश निकाला गर्न योग्य छ भने, देशबाट बाहिर धपाई दिनू जुन कोही धर्मात्माले यो धर्म (नित्य नैमित्यिक पूजा) संरक्षण गरेर दुवै किसिमको पूजा चलाई देला, यो पञ्चयज्ञ गरको पुण्यको भागी हुने छ। त्यसैलाई नै श्री दक्षिण कालिकाको सुदृष्टि पर्नेछ। यसमा साक्षी हुने सूर्यचन्द्र आदि देवताहरू छन्। मानिसहरूमा मंत्रिनायकहरू श्री रणोद्योत शाह श्री समसेर शाह श्री बलभद्र शाह श्री विदुर साह श्री सेरबहादुर शाह सचिवहरूमा पाडे श्री रणजित् पाडे श्री दामोदर श्री त्रिभुवन श्री नरसिंह महाकोषाध्यक्ष पाडे श्री भोटु, कोषाध्यक्ष स्यामलाल उपाध्याय, सुनचाँदीका मुद्राधिकारी (टक्सारी) श्री भीम। संकल्प वाक्य पढ्ने पुरोहित श्री दैवज्ञकेसरी पण्डित, पानी हाल्ने सचिव श्री कीर्तिमान सिंह। सिमाना लगाउँदाका साक्षीहरू पन्त थर हुने श्री हरि, अर्ज्याल थर हुने श्री हरि, खनाल थर हुने श्री भानु उपाध्याय, जगजित पाडे, वोहोरा श्री हरिवंश, राना थरका श्री वंशवीर, इतिश्री विक्रमार्क सम्वत् १८५६ आश्विन शुक्ल अष्टमी आइतवार यो लेखिएको मुकाम कान्तिपुर शुभ होस्।

आफूले दान गरेको र अर्काले दान गरेको भए पनि जसले यस्तो जग्गा हरण गर्ला साठी हजार वर्षसम्म विष्टाको कीरो भै जन्मने छ। असल होस्।